सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र,**
धनगढी, कैलाली

फोन नं.: ०९१-५२३२८९
Email: akckailali@gmail.com

प.सं. :-२०८२/८३
च.नं. :-

**विषयः कृषि यान्त्रीकरण अनुदानका लागी आवेदन पेश गर्ने सम्बन्धी सूचना।**

प्रथम पटक प्रकाशित मितिः २०८२/०९/३

यस कृषि ज्ञान केन्द्र, कैलालीको चालु आ.व.२०८२/८३ को स्विकृत वार्षिक कार्यक्रम **कृषि यान्त्रिकरण कार्यक्रम** अन्तर्गत तपशिल अनुसारका कृषि यन्त्र, उपकरण औजारहरु अनुदानमा लिनको लागि कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७६, प्रथम संशोधन २०७७ को अनुसुची-१ (ख) र (ग) अनुसार आवश्यक पर्ने सम्पुर्ण कागजातहरु निवेदक कृषक आफैले प्रमाणित गरी कार्यविधिको अनसुची ४ (क) अनुसारको निवेदन र अनुसूची ४ (ख) अनुसारको प्रस्ताव फारम पूर्ण रुपमा भरी यस कार्यालयमा सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र अर्थात मिति २०८२/०९/२३ गते भित्र कार्यालय समयमा निम्न अनुसारका शर्तहरु पालना गर्ने गरी र स्पष्ट रुपमा खुल्ने गरी पुर्ण विवरण भरिएको अनुसूची फाराम साथै अन्य आवश्यक कागजात संलग्न राखी यस कार्यालयमा वा बर्दगोरिया गाउँपालिका वडा नं ५ को वडा कार्यालयको भवनमा अवस्थित यस कार्यालयको सामुदायिक कृषि प्रसार सेवा केन्द्रमा आवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

............................
घनश्याम चौधरी
(कार्यालय प्रमुख)

घनश्याम चौधरी
कार्यालय प्रमुख

तपशिल

| क्र.सं. | कार्यक्रमको नाम | ईकाई | लक्ष्य | बजेट लाखमा | अनुदान प्रतिशत | कार्यक्रम संचालन हुने स्थान | कार्यक्रमबाट उपलब्ध हुने कृषि यन्त्र/उपकरणहरु |
|---|---|---|---|---|---|---|---|
| १ | कृषि यान्त्रीकरण कार्यक्रम | पटक | १ | ५० | ५० | जिल्लाभरी | • मिनी टिलर<br>• पावर टिलर तथा मिनी टिलरमा जडान गरिने<br>  ○ रिपर<br>  ○ केज हवील<br>  ○ हलो (MB Plough)<br>• ब्रस कटर<br>• पावर स्प्रेयर<br>• इलेक्ट्रिक कर्न सेलर र<br>• पुस रो सिडर |

**आबेदन साथ संलग्न राख्नुपर्ने कागजातहरु र आवश्यक शर्तहरुः-**

१. व्यक्तिगत कृषक, कृषक समुहका लागि

- व्यक्तीको हकमा नागरिकता र समूहको हकमा समूह दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
- समूहको निर्णय प्रतिलिपी ।
- समूहले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाएको अख्तियारी पत्र ।
- अधिकार प्राप्त पदाधिकारी वा व्यक्तिगत कृषकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र पासपोट साईजको फोटो १ प्रति ।
- यदि समूहको कुनै सदस्यले एकल रुपमा कृषि यन्त्र उपकरणहरु लिन चाहेमा समूहको निर्णय सहितको सिफारिस पत्र पेश गर्नु पर्ने ।
- समूहको कुनै सदस्यले कृषि औजार यन्त्र उपकरणहरुको सञ्चालन तथा मर्मत सम्बन्धि तालिम लिएको भए सोको प्रमाण पत्रको प्रतिलिपी ।
- जग्गाधनी पूर्जाको प्रतिलिपी वा जग्गाको कर तिरेको पूर्जाको प्रतिलिपी वा आफ्नो नाममा जग्गा नभई आफ्नै एकाघरको परिवारका नाममा जग्गा भएमा नाता खुल्ने प्रमाणको प्रतिलिपि तथा ऐलानी जमिनको हकमा प्रमाण खुल्ने कागजातको प्रतिलिपि
- आफूले भोगचलन गर्दै आएको जग्गा करारमा लिएको भए ५ वर्ष सम्झौता अवधि रहेको प्रमाणको प्रतिलिपि।

सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र,**
धनगढी, कैलाली

फोन नं.: ०९१-५२३२८९
Email: akckailali@gmail.com

प.सं. :-२०८२/८३
च.नं. :-

२. <u>कृषि सहकारी संस्था, नीजि कृषि फर्म वा कम्पनी र कृषि उद्यमीको लागि</u> :

- संस्था वा फर्म, कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
- संस्था वा फर्म, कम्पनी नविकरण प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र।
- संस्था वा फर्म, कम्पनीको प्यान वा भ्याट प्रमाण पत्रको प्रतिलिपी ।
- लेखापरीक्षणको प्रमाणित प्रतिलिपी ।
- आ.व. ०८१/८२ को कर चुक्ता वा म्याद थप प्रमाण पत्रको प्रतिलिपी ।
- संस्था वा फर्म, कम्पनीको निर्णय प्रतिलिपी ।
- संस्था वा फर्म, कम्पनीले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाएको अख्तियारी पत्र ।
- अख्तियारी प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र पासपोर्ट साइजको फोटो १ प्रति
- संस्था वा फर्म, कम्पनीले भोगचलन गर्दै आएको जग्गा करारमा लिएको भए कम्तीमा ५ वर्ष सम्झौता अवधि रहेको प्रमाणको प्रतिलिपी।
- जग्गाधनी पूर्जाको प्रतिलिपी वा जग्गाको कर तिरेको रसिदको प्रतिलिपी

३. आवेदन दिने उपभोक्ताहरु कृषि पेशा, व्यवसायमा संलग्न भएको हुनु पर्ने ।
४. अपुर्ण तथा अस्पष्ट रुपमा भरिएको आवेदन दर्ता हुनेछैन। भुल बस दर्ता भएपनि छनौट प्रक्रियामा समावेश गरिनेछैन ।
५. कृषि यन्त्र, औजार उपकरण खरिद गर्दा यस कार्यालयबाट छनौट भएका आपुर्तिकर्ताहरुबाट मात्रै खरिद गर्नुपर्नेछ ।
६. कृषि यन्त्र, औजार उपकरणहरुको जम्मा मुल्यमा कार्यालयले तोकेको अनुदान मुल्य बाहेकको बाकी रकम उपभोक्ताहरुले व्यहोर्नु पर्नेछ ।
७. अनुदानमा उपलब्ध गराईएका कृषि औजार यन्त्र उपकरणहरु कृषि कार्यमा मात्र प्रयोग गर्नु पर्नेछ साथै उक्त यन्त्र उपकरणहरु अरुलाई विक्रि वितरण गर्न पाईनेछैन ।
८. विगत दुई (२) आ.व. भित्र कृषि विकास निर्देशनालय, कृषि ज्ञान केन्द्र तथा कृषि सँग सम्वन्धित अन्य आयोजना तथा परियोजना र संघ सस्थाहरुबाट अनुदानमा कृषि यन्त्र, औजार उपकरण लिएको उपभोक्तालाई कार्यक्रममा समावेश गरिनेछैन । साथै विगत २ वर्ष भित्र अनुदानमा कृषि यन्त्र औजार उपकरण लिएको छैन भनेर स्वघोषणा पत्र निवेदन साथ समावेश गर्नु पर्ने छ।
९. सम्बन्धित स्थानीय तहको सिफारीस पत्र ।
१०. अनुसुची ४ (क) र अनुसुची ४ (ख) अनुसार आवेदन भर्दा सामग्रीको मुल्य, अनुदान माग गरेको रकम र यस कार्यलयले कायम गरेको अनुदान रकम फरक परेमा औजार उपकरण उपलब्धका लागी सिफारिस गर्दा यस कार्यालयले कायम गरेको अनुदान रकम अनुसार परिमार्जन गरिनेछ ।
११. सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपंक्षी ब्यबसाय प्रबर्द्धन नियमावली २०७९ (पहिलो संशोधन २०८०) मा उल्लेख भए बमोजिमको आवेदन शुल्क (राजश्व दस्तुर रु.१ लाख देखि ५ लाख सम्मको अनुदानमा रु.३०० र ५ लाख भन्दा बढिको लागि रु.१०००) बुझाएको नगदी रसिद/आवेदन शुल्क जम्मा गरेको बैंक भौचर)

<u>**नोटः**</u>

१. कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७६, प्रथम संशोधन २०७७ र उपभोक्ताहरुले भर्नुपर्ने आवेदन अनुसुची -४ सम्बन्धित यस कार्यालयको वेवसाइट http://kailali.akc.gov.np/ बाट पनि डाउनलोड गर्न सकिनेछ ।
२. माथि उल्लेखित कार्यक्रमहरु कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन नियमावली २०७९ (पहिलो संसोधन २०८०) र कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७६, प्रथम संशोधन २०७७ बमोजिम संचालन हुनेछन् ।

<u>**कृषि ज्ञान केन्द्र, कैलालीको राजश्व संकलनको बैंक भौचरको लागिः**</u>

**बैंकको नाम :** राष्ट्रिय वाणिज्य बैंक
**प्रयोजन :** अन्य प्रशासनिक शुल्क
**आ.व. :** २०८२/०८३

**कार्यालयको नाम :** कृषि ज्ञान केन्द्र, कैलाली
**राजश्व शीर्षक नं. :** १४२२९

**कार्यालय कोड :** ३१२०१७७०१७
**प्रदेश :** सुदूरपश्चिम प्रदेश

**(थप जानकारीको लागी कृषि ज्ञान केन्द्र, कैलालीको सूचना अधिकारी श्री दुर्गा प्रशाद ओझा (फोन ९८५८४८४५३९) ज्यू लाई कार्यालय समयमा सम्पर्क गर्न सक्नु हुने छ ।)**

२/२

**घनश्याम चौधरी**
**कार्यालय प्रमुख**